# विद्यालय तहमा खुला शिक्षा कार्यक्रमको प्रभावकारिता


सन्जु भुसाल, शिक्षक, महेन्द्र आदर्श विद्याश्रम, सातदोबाटो ललितपुर ।

गोमा गौतम, सहजकर्ता, खुला तथा दूर सिकाइ मञ्च, कोटेश्वर, काठमाडौं ।



**लेखसार**

**औपचारिक शिक्षा लिनबाट बञ्चित भएका विभिन्न अवस्थाबाट विपन्न, सुबिधा र अवसर नपाएका व्यक्तिहरूलाई लक्षित गरी शिक्षामा आएको नयाँ चिन्तन नयाँ सोच, नयाँ अवधारणा वा नयाँ दृष्टिकोण खुला सिकाइ भएकाले यो औपचारिक शिक्षाको विकल्पमा विकसित भएको आधार हो । पाउलो फ्रेरेको चिन्तनलाई यस अध्ययनको आधार बनाई प्रस्तुत अध्ययनअन्तर्गत गुणात्मक तथा मात्रात्मक गरी मिश्रित ढाँचाको प्रयोग गरिएको छ । परिमाणात्मक तथ्याङ्कलाई कोरा रूपमा सङ्कलन गरि सङ्केतीकरण र तालिकीकरण गरी विश्लेषित तथ्याङ्कलाई स्तम्भ चित्र र प्रतिशतको सहायताले प्रस्तुत गरिएको छ भने प्राप्त गुणात्मक तथ्याङ्क र सूचनाको गहिराइसम्मको खुला अन्तरवार्ता प्रश्नावली, प्रत्यक्ष अवलोकन र लिखित सामग्रीको अध्ययन गरी व्याख्या र विश्लेषण गरिएको छ । शिक्षाको आधुनिक प्रकृतिको रूपमा लागु गरिएको माध्यमिक तहको खुला शिक्षा कार्यक्रममा अवलम्बन गरिएका विद्यार्थी भर्ना प्रक्रिया, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया, व्यवस्थापन पक्षहरू, विद्यार्थी उपलब्धि स्तर र प्रयोग गरिएका स्वाध्ययन सामग्रीहरू कार्यक्रमको ढाँचाअनुसार उपयुक्त रहेको पाइयो । श्रव्य, श्रव्यदृश्य सामग्री, इन्टरनेट, इमेल, क्यासेट, सिडी आदिको तथा सोसम्बन्धी प्राविधिक ज्ञान, सिप र व्यावहारिक प्रयोग व्यवस्थापनको पक्ष कमजोर भएको तथ्य प्राप्त भएको पाइयो ।**



**मुख्य शब्दावली**

**दूर शिक्षा, खुला सिकाइ, सूचना सञ्चार प्रविधि, खुला विद्यालय, सम्पर्क कक्षा**


## अध्ययनको पृष्ठभूमि

औपचारिक शिक्षाका विभिन्न तहहरू नपढ्दै वा पढ्दा पढ्दै छोडेर पनि समाजमा गुजारा चलाएर बसिरहेका हुन्छन् । यस प्रकार विभिन्न उमेर समूह, लिङ्ग समूहका व्यक्तिका आआफ्ना आवश्यकता र इच्छाहरू हुने गर्दछन् । विविध व्यक्तिहरूका यस्ता आवश्यकता र इच्छाहरू औपचारिक शिक्षालयहरूले पुरा गर्न सक्दैनन् । त्यस्ता शिक्षालयहरूको निश्चित उद्देश्य, बन्धन र दायरा हुन्छ । अतः औपचारिक शिक्षा लिनबाट बञ्चित भएका विभिन्न अवस्थाबाट विपन्न, सुविधा र अवसर नपाएका व्यक्तिलाई लक्षित गरी शिक्षामा आएको नयाँ चिन्तन नयाँ सोच, नयाँ अवधारणा वा नयाँ दृष्टिकोण खुला सिकाइ हो । खुला सिकाइ औपचारिक शिक्षाको वैकल्पिक प्रकृति हो । खुला शिक्षाको प्रकृतिका आधारमा यसको सुरुवात मानिसको उत्पत्तिको सुरुवात सँगसँगै भएको हो । जहाँसम्म औपचारिक शिक्षाको विकल्पमा विकसित भएको आधार हो ।

खुला शिक्षालय पद्धतिमा साक्षरतादेखि विद्यावारिधिसम्मका शिक्षा प्रदान गर्ने अभ्यासहरू भइरहेका छन् । यसअन्तर्गतको शैक्षिक उपाधि प्रदान गर्ने कार्यक्रममा भाग लिन शिक्षार्थीले सामान्तया ४ ओटा नियमको पालना गरी शिक्षा हासिल गरेको हुनुपर्दछ । १. संस्थाको नियमअनुसार भर्ना हुनुपर्दछ, २. निर्धारित पाठ्यांश पुरा गुर्नपर्दछ, ३. शिक्षार्थीले सम्पर्क सत्र (contact session) मा पनि समावेश हुनुपदर्छ, ४. संस्थाको नियमअनुसार मूल्याङ्कन प्रक्रियामा सरिक हुनुपर्दछ । तसर्थ खुला शिक्षाको मूल सिद्धान्त ‘कसैलाई पनि सिक्न ढिलो हुँदैन’ भन्ने नै हो (के.सी., २०६६ पृ. ८८)

Philip Coombs को 'World education crisis' Evan Elitch को 'Deschooling Society' Paulo Freire को Learning to be भन्ने प्रतिवेदनले शिक्षाको क्षेत्रमा निकै हलचल ल्यायो । औपचारिक शिक्षाको विकल्पका रूपमा सोच्न जनमानसमा चेतना जगायो र समाज आन्दोलित भयो । फलस्वरूप औपचारिक शिक्षाको विकल्पका रूपमा विद्यालय स्तरमा आएको नयाँ विकल्पको धारणा खुला शिक्षाको अवधारणा हो । विश्वमै खुला विश्व विद्यालयको अवधारणा सन् १९६३ बाट सुरु भएको पाइन्छ भने नेपालमा पनि यसको सुरुवात खुला तथा दूर शिक्षाको थालनीबाट भएको पाइन्छ । (अधिकरी, २०६४) ।

## खुला शिक्षाको ऐतिहासिक पृष्ठभूमि

खुला सिकाइको विकास लगभग २५० वर्ष अगाडि युरोप र अमेरिकामा वयस्कहरूलाई पत्राचारको माध्यमबाट शिक्षा दिने कामको थालनीबाट भएको थियो । सर्वप्रथम सन् १९५० मा बेलायती प्रचार संस्था ब्रिटिस ब्रोड कास्टिङ्ग (बिबिसी) मार्फत खुला विश्व विद्यालयको प्रचार भएको थियो । बेलायती युवाहरूलाई विज्ञान, प्रविधि र शिक्षाका धारणाहरूबाट सुसुचित तुल्याउन बिबिसीमार्फत खुला विश्व विद्यालयको प्रचार सर्वप्रथम भएको थियो । बेलायती युवाहरूले घरमा बसी बसी आफूले चाहेअनुसारको शिक्षा लिन पाउने अधिकार खुला विश्व विद्यालयमार्फत गरिने छ भनी सन् १९६२ मा हेरोल्ड विल्सनले चुनावी प्रचारको दौरानमा गरे । उनले चुनावी प्रचारमा हवाई विश्व विद्यालय र गृह अध्ययन विश्व विद्यालयको अवधारणा ल्याएर यही अवधारणाका कारण विल्सनले चुनाव जिते र सन् १९६६ मा उनी बेलायतको प्रधान मन्त्री बनिसकेपछि उनको प्रतिबद्धता कार्यान्वयन गर्न बनेको शिक्षाविद् रविन्सको शिक्षा आयोगको प्रतिवेदनले खुला विश्व विद्यालय स्थापना गर्नुपर्ने सिफारिस गऱ्यो । फलस्वरूप सन् १९६९ मा बेलायतमा खुला विश्व विद्यालयको स्थापना भयो । त्यसपछि विश्वका अन्य मुलुकहरूमा पनि खुला विश्व विद्यालय स्थापना हुँदै गए । पछि २० औं शताब्दीबाट खुला शिक्षा विश्व विद्यालय स्तरमा नराखी विद्यालय स्तरमा पनि विकास गर्ने क्रमहरू बढे र यसको मुख्य उद्देश्य साक्षरताको विकास सचेतीकरणको विकास र शिक्षा सबैलाई पुऱ्याउने भन्ने रहेको थियो । यसका लागि विभिन्न मुलुकहरू श्रीलङ्का, भारत, पाकिस्तान, चीन, अमेरिका, जर्मनी, जापान, आदिले आआफ्नो सामाजिक भौगोलिक अवस्थाअनुसार खुला शिक्षाको सुरुवात गरे । (अधिकारी, २०६४ पृ. १२)

## नेपालमा विद्यालय तहमा खुला शिक्षा कार्यक्रम

नेपालको सन्दर्भमा कलेज अफ एजुकेसनको प्रौढ शिक्षा शाखाबाट सन् १९५७ बाट रेडियोबाट युवाहरूका लागि प्रशारण गरिएको कार्यक्रमबाट नेपालमा खुला तथा दूर शिक्षा पद्धतिको शैक्षिक अवधारणा सुरु भएको मानिन्छ । सन् १९६२ देखि यी कार्यक्रमहरू हप्ताको दुई चोटी प्रसारण गरिएको थियो । सन् १९७३ मा पाठ्यक्रम र पाठ्य सामग्रीमा आधारित रेडियो कार्यक्रमको विकास गरियो र रेडियोबाट प्रसारण गरियो उक्त कार्यक्रम विद्यालयका विद्यार्थीहरूका लागि केन्द्रित थियो । (खुला शिक्षा सञ्चालित सम्बन्धित कार्यान्यन पुस्तिका २०६७, पृष्ठ ५) ।

"सबैका लागि शिक्षा" को अवसर प्रदान गर्ने सिलसिलामा हाल भइरहेको औपचारिक शिक्षा पद्धतिका अतिरिक्त स्वाध्ययन र अभ्यासद्वारा आफ्नो अनुकूलको समय मिलाएर आफ्नै क्षमता र गतिमा विद्यालय शिक्षाको अवसरबाट बञ्चित, पिछडिएका, समुदाय, जनजाति, महिला आदिका लागि माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर वृद्धि गर्नका लागि देशमा राष्ट्रिय स्तरको खुला विद्यालय सञ्चालन गर्न सरकारले खुला शिक्षा नीति तथा निर्देशिका २०६३ सालमा नै स्वीकृत गरिसकेको छ ।

खुला विद्यालय २०६३ सालदेखि माध्यमिक तहमा परीक्षणका रूपमा लागु गर्न नेपाल सरकारले शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रले तयार पारेको खुला शिक्षा कार्यक्रमको अवधारणा र यसको नीतिगत उद्देश्यहरू तथा कार्यनितिहरू नीतिगत दूर दृष्टि आदि सम्बन्धी कार्यान्वयन पुस्तिकाले खुला शिक्षा

कार्यक्रमलाई दिशाबोध गराएको छ । यसै सन्दर्भमा उक्त कार्यक्रमको अवस्था, सान्दर्भिकता र प्रभावकारिता कति छ, साथै खुला विद्यालयको उद्देश्यअनुरूप सञ्चालन भए नभएको र यसले गुण स्तरमा परिवर्तन ल्याए नल्याएको तथ्यलाई उजागर गर्न यो अध्ययनमा प्रयत्न गरिने छ ।

## खुला सिकाइका दार्शनिक तथा सैद्धान्तिक पक्ष

Pedagogy of the oppressed (1970) पाउलो फ्रेरेको चिन्तनलाई यस अध्ययनको विषय वस्तुसँग जोड्न सान्दर्भिक देखिन्छ । किनभने समाजमा पछि परेका व्यक्तिहरू महिला, कामदार, श्रमजीवी, द्वन्द्वपीडित, उत्पीडित समूह, आर्थिक रूपमा विपन्न वर्गका व्यक्तिहरूका लागि पनि शिक्षा ग्रहण गर्ने अधिकारको सुनिश्चितता हुनुपर्दछ । हुने खानेहरूका लागि मात्र नभई सबैका लागि शिक्षामा समान अवसर र पहुँच हुनुपर्दछ अनि मात्र शिक्षित समाजको परिकल्पना गर्न सकिने भएकाले खुला शिक्षा कार्यक्रमलाई सफल र प्रभावकारी बनाउने पाउलो फ्रेरेको वैचारिक ढाँचा अत्यन्तै सान्दर्भिक छ ।

आवश्यकता नै आविष्कारको जननी हो भन्ने कुरा विश्वव्यापी रूपमा स्वीकार गरिएको उक्ति हो । Maslow का अनुसार मानिसका सबैभन्दा पहिला शारीरिक आवश्यकता हुन्छ । गाँस, बास र कपास जस्ता समस्याहरूको पूर्ति नभएर अन्य आवश्यकता गौण रहन्छन् । शारीरिक आवश्यकता पूर्ति भएपछि मात्र सुरक्षात्मक आवश्यकता अस्तित्वमा आउँछ । सुरक्षा आवश्यकता पुरा भएपछि सामाजिक आवश्यकता पुरा गर्ने तर्फ मानव केन्द्रित हुन्छ ।

यसमा सामाजिक चाहना, सामाजिक व्यवहार, सामाजिक क्रियाकलापमा सहभागिता जस्ता कार्य रहन्छन् । यी आवश्यकता पुरा भएपछि स्वाभिमानको आवश्यकताको बोध हुन्छ । यसमा आफ्नो स्वाभिमानका लागि मानिसले विभिन्न क्रियाकलापहरू गर्दछ र उसमा अहमताको विकास हुन्छ । अरूभन्दा आफूलाई सभ्य, शिक्षित र विकसित प्राणीका रूपमा विकास गर्ने प्रयास गर्दछ । यसपछि मानिसमा आत्म सन्तुष्टिको आवश्यकता हुन्छ । यस आवश्यकताका लागि व्यक्तिगत रूपमा छुट्टै पहिचान कायम गरिन्छ । यो आवश्यकताको अन्तिम शृङ्खला हो । यस तहमा आत्म सन्तुष्टिका लागि विभिन्न क्रियाकलापहरू गरिन्छ । यसरी आवश्यकता randomaly होइन कि chronologically उत्पत्ति हुँदै जान्छ र आवश्यकता पूर्तिका लागि मानव क्रियाकलाप गरिन्छ भन्ने मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त रहेको छ । आवश्यकताको यो सिद्धान्तलाई खुला शिक्षामा अध्ययन गर्नका लागि आवश्यकता छनोटसँग सम्बन्धित रहेकाले यसलाई अध्ययनको वैचारिक आधार मानिएको छ ।

यसरी पाउलो फेरेको चिन्तन र मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई नेपालको खुला शिक्षा कार्यक्रमको व्यवस्थापनसँग जोड्न सकिन्छ । आवश्यकताहरूलाई प्रतिनिधित्व गर्नका लागि शिक्षा एउटा नभई नहुने तत्त्व भएकाले खुला शिक्षा तथा खुला विद्यालय कार्यक्रममा मास्लोको वैचारिक ढाँचा पनि अध्ययनको उद्देश्यलाई पुरा गर्न सहयोग हुने आशा लिइएको छ । यसरी विभिन्न सिद्धान्तहरूले औँल्याएका कुराहरूलाई नेपालको खुला शिक्षा कार्यक्रमको व्यवस्थापन नामक यस अध्ययनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्ध स्थापना गर्न सकिन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनअन्तर्गत गुणात्मक तथा मात्रात्मक गरी मिश्रित ढाँचाको प्रयोग गरिएको छ । नमुना छनोट प्रक्रियामा उद्देश्यमूलक विधि र समान सम्भावनायुक्त नमुना विधिबाट छनोट गरिएको छ । खुला शिक्षा कार्यक्रम लागु भएको विद्यालयका कार्यक्रम संयोजक, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, सहजकर्ता र विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि संरचित अन्तरवार्ता सूची

र अभिभावक तथा विद्यार्थीलाई प्रश्नावली तयार पारी सूचनाहरू सङ्कलन गर्न गुणात्मक विधिको प्रयोग गरिएको छ भने विद्यालय र जिल्ला शिक्षा कार्यालयबाट लिखित रूपमा रहेका विद्यार्थीको भर्ना रेर्कड, उपलब्धि र विद्यालयको अवस्था सम्बन्धी सूचनाहरू परिमाणात्मक विधिबाट विश्लेषण गरिएको छ । यस अध्ययनका लागि जम्मा जनसङ्ख्या काठमाडौं उपत्यकामा रहेका केन्द्रीय कार्यालय, ललितपुर जिशिका र पाटन उमाविमा सञ्चालनमा रहेका मावि तहका विद्यार्थी, शिक्षक, अभिभावक, प्र.अ. र सम्बन्धित स्रोत व्यक्ति रहेका छन् । उपर्युक्त औजारहरूका सहायताबाट प्राप्त प्रथम र द्वितीय तथ्याङ्क र सूचनालाई आवश्यकताअनुसार गुणात्मक र परिमाणात्मक विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्कलाई कोरा रूपमा सङ्कलन गरी सङ्केतीकरण र तालिकीकरण गरी विश्लेषित तथ्याङ्कलाई स्तम्भ चित्र र प्रतिशतको सहायताले प्रस्तुत गरिएको छ भने प्राप्त गुणात्मक तथ्याङ्क र सूचनाको गहिराइसम्मको खुला अन्तरवार्ता प्रश्नावली, प्रत्यक्ष अवलोकन र लिखित सामग्रीको अध्ययन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## खुला शिक्षा कार्यक्रमको वर्तमान अवस्था

साधारण माध्यमिक विद्यालयमा पढाइ हुने विषय, पाठ्यभार र पूर्णाङ्क देखाइएको छ । जसलाई विश्लेषण गर्दा विषय र पूर्णाङ्क साधारण र खुला विद्यालयमा एकै प्रकारको भए तापनि पाठ्यभार भने साधारण र खुला विद्यालयमा एउटै हुँदैन । किनभने खुला शिक्षामा नियमित रूपमा विद्यालय जानुपर्ने समयलाई छुटाएर वर्षभरिमा जम्मा ३५ दिनको मात्र सम्पर्क कक्षामा र बाँकी स्वाध्ययनबाट अध्ययन कार्य सम्पन्न गरिन्छ ।

**तालिका १ : माध्यमिक विद्यालयको पाठ्यक्रम (हाल सञ्चालित)**

| क्र.सं. | विवरण | पाठ्य भार (हप्तामा) | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक अध्ययन | ५ | १०० |
| ६ | स्वास्थ्य जनसङ्ख्या र वातारण | ४ | १०० |
| ७ | ऐच्छिक प्रथममध्येबाट एक विषय | ५ | १०० |
| ८ | ऐच्छिक द्वितीयमध्येबाट एक विषय | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |

**स्रोत : शैजविके, खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका, २०६७, पृष्ठ ४ ।**

उल्लिखित तालिकाको विश्लेषण गर्दा खुला विद्यालयमा पढाइ हुने विषय, पूर्णाङ्क र पाठ्यभार देखाइएको छ । उक्त तालिकाको अध्ययनबाट के देखिन्छ भने खुला शिक्षातर्फका विषयहरू र पूर्णाङ्क एउटै भए तापनि पाठ्यभार अर्थात् कक्षाको समय हेर्दा र खुला विद्यालयतर्फ विषयअनुसार फरक रहेको छ । यसका साथै साधारणतर्फ हप्तामा ३९ पिरियड कक्षा हुन्छ भने खुलातर्फ वर्षभरिमा जम्मा १७५ घण्टा कक्षा सञ्चालन हुन्छ । यस प्रकार साधारण शिक्षामा विद्यार्थीले वर्षभरिमा १९२ दिन विद्यालय गएर पढ्ने कार्य गर्दछ भने खुला शिक्षामा जम्मा ३५ दिन मात्र कक्षा सञ्चालन हुन्छ ।

कामसँगै शिक्षा आर्जन गर्न सहज भएकाले पनि खुला शिक्षा कार्यक्रम फुर्सद नहुने, जागिर गर्ने, आर्थिक अवस्था कमजोर भएका र गृहिणीहरूका माझ अझ लोकप्रिय र प्रभावकारी हुन पुगेको पाइन्छ । स्वाध्ययन सामग्री तथा अन्य माध्यमबाट स्पष्ट नभएका विषयवस्तुमा स्पष्ट हुन विषयगत रूपमा देखा परेका समस्याहरू समाधान गर्नका लागि सहजकर्ता र विद्यार्थीको प्रत्यक्ष भेटघाट हुने एक मात्र थलो सम्पर्क कक्षा भएकाले यस सम्पर्क

कक्षामा निम्न लिखित क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने व्यवस्था शैजविके, खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका, २०६७, मा उल्लेख गरिएको छ । जसअनुसार निम्नानुसारमा क्रियाकलाप सञ्चालन हुनुपर्ने नीतिगत व्यवस्था रहेको पाइयो :

१. आवश्यकताअनुसार स्वाध्ययन सामग्री तथा पाठ्य वस्तु सम्बन्धी छलफल, पुनरवलोकन तथा प्रश्नोत्तर ।
२. श्रव्य तथा श्रव्य दृश्य पाठहरूमा छलफल तथा प्रश्नोत्तर ।
३. गृहकार्य, परियोजना कार्य प्रस्तुतीकरण तथा छलफल ।
४. एसएलसी परीक्षासँग सम्बन्धित विशिष्टीकरण तालिका तथा प्रश्नहरूमाथि छलफल र समाधान ।
१. सम्पर्क कक्षामा गरिने छलफल नियमित पाठ्यक्रम, पाठ्य पुस्तक स्वाध्ययन सामग्री, श्रव्य, श्रव्यदृश्य सामग्री आदिको आधारमा गर्नुपर्ने ।
२. विद्यार्थीको नियमित सहभागिताका लागि वैयक्तिक अभिलेखको व्यवस्था ।
३. विद्यार्थीद्वारा अध्ययनका लागि कार्ययोजनाको विकास ।
४. विद्यार्थीको आन्तरिक मूल्याङ्कन र त्यसको अभिलेखीकरण ।

## मूल्याङ्कन प्रक्रिया

खुला विद्यालयको शैक्षिक कार्यक्रममा आन्तरिक मूल्याङ्कन कार्यक्रमको व्यवस्था पनि गरिएको पाइयो । जसअनुसार आन्तरिक मूल्याङ्कनमा उत्तीर्ण परीक्षार्थीलाई एसएलसी परीक्षामा सामेल गराइने व्यबस्था रहेको देखिन्छ । प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूका हकमा पाठ्यक्रमले तोकेबमोजिम र खुला विद्यालय निर्देशिकामा उल्लेख गरेबमोजिम परीक्षा सञ्चालन गरेको पाइयो । त्यसैगरी अवलोकन तथा सिकाइको अभिलेख राख्ने गरेको पनि पाइयो । बाह्य परीक्षाका रूपमा एसएलसी परीक्षा सञ्चालन पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको विषयगत विशिष्टीकरण तालिकाअनुसार परीक्षा नियन्त्रण कार्यालयद्वारा हुने गरेको पाइयो । यसरी आन्तरिक मूल्याङ्कनका सम्पूर्ण कार्य विद्यालयबाटै हुने गरेको पाइयो ।

**तालिका २ : विषयगत मूल्याङ्कन प्रक्रिया**

| क्र.स. | मूल्याङ्कनका आधार | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|
| १ | नियमितता र सहभागिता | १० | ५ |
| २ | गृहकार्य/परियोजना कार्य | ३० | १२ |
| ३ | मध्यावधि परीक्षा | २० | ६.४ |
| ४ | अन्तिम परीक्षा | ४० | १२.८ |
| जम्मा | | १०० | ३७ |

**स्रोत :** शैजविके, खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका, २०६७, पृष्ठ ७ ।

माथिको तालिका अध्ययन गर्दा विद्यार्थीको मूल्याकङ्नमा ४ ओटा आधारहरू लिइएको पाइन्छ । जसलाई यस प्रकार उल्लेख गर्न सकिन्छः

आन्तरिक मूल्याकङ्कनअन्तर्गत ३० पूर्णाङ्कको गृहकार्य तथा परियोजना कार्यका लागि छुट्याइएको छ । गृहकार्य/परियोजना कार्य अनिवार्य रूपमा परीक्षण गरी पृष्ठपोषण दिनुपर्ने व्यवस्था छ । दिइएका सबै गृहकार्य अनिवार्य रूपमा विद्यार्थीहरूले गर्नुपर्ने छ । गृहकार्य तथा परियोजना कार्य प्रत्येक विषयका लागि सम्बन्धित स्वाध्याय सामग्रीमा आधारित गर्न सक्ने व्यवस्था रहेको छ । प्रत्येक विद्यार्थीका गृहकार्य तथा परियोजनका कार्य अध्ययन गरी आवश्यकताअनुसार पृष्ठपोषण सहजकर्ताले दिनुपर्ने व्यवस्था रहेको पाइयो । गृहकार्य/परियोजना कार्यको ३० पूर्णाङ्कमा विद्यार्थीहरूलाई दिने अङ्क निम्न आधारमा गर्नुपर्ने व्यवस्था रहेको पाइयो । उत्तम, मध्यम र सामान्य विषयको सहजकर्ताले नै गर्ने व्यवस्था रहेको पाइयो ।

## खुला विद्यालय सञ्चालन प्रक्रिया

विद्यमान विद्यालय स्तरको पाठ्यक्रम प्रारूप २०६३ र माध्यमिक तहको पाठ्यक्रम २०६४ का आधारमा स्वाध्ययन सामग्री, पाठ्य वस्तुमा आधारित अभ्यास पुस्तिका, श्रव्य सामग्री, श्रव्य दृश्य सामग्री आदिको विकास तथा वितरण गरी परिचय, उद्देश्य, विषय वस्तु, अभ्यास, क्रियाकलाप र पृष्ठपोषण समावेश गरी प्रत्येक पाठ तथा एकाइहरूलाई विद्यालय स्तरको पाठ्य पुस्तकको रूपमा विकास गरेको पाइयो । विद्यार्थी भर्नाका लागि विद्यालयले निम्नअनुसारको प्रक्रिया अवलम्बन गरेको पाइयो :

१. भर्नाका लागि विज्ञापन ।
२. भर्नाका लागि कक्षा ८ उत्तीर्ण गरेको प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने ।
३. १५ वर्ष उमेर पुगी कक्षा ८ वा सोरहको परीक्षा उत्तीर्ण भई कम्तीमा २ वर्ष पुगेको ।
४. अन्य मुलुकबाट आएका विद्ययार्थीका लागि पनि उपर्युक्त सरहको प्रक्रिया पुग्नुपर्ने व्यवस्था रहेको पाइयो ।

## सम्पर्क कक्षा सञ्चालन प्रक्रिया

एक शैक्षिक सत्रमा १७५ घण्टाको सम्पर्क कक्षा सञ्चालन हुने गरेको शैक्षिक सत्र भरीमा ७ पटक (१ पटकमा ५ दिनका दरले) सम्पर्क कक्षा सञ्चालन हुने र पहिलो दिनको सम्पर्क कक्षा ६ दिनको हुने गरेको पाइयो । जसमा पहिलो १ दिनमा परिचयात्मक कार्यक्रम सञ्चालन गरिने रहेछ । विद्यार्थीका जिज्ञासाहरू विषयगत रूपमा समाधान गरिनेलाई व्यवस्थित गरिएको पाइयो । सामुदायिक विद्यालयका योग्यता पुगेका शिक्षकलाई तालिम दिई सहजकर्ताका रूपमा व्यवस्था गरिएको पाइयो । सम्पर्क कक्षामा प्रयोगात्मक परीक्षाहरू हुने विषयहरूका लागि पर्याप्त अभ्यास पनि गराउने गरेको पाइयो । यस पाटन मावि खुला विद्यालयले विद्यार्थीको आवश्यकतालाई ध्यान दिई सम्पर्क कक्षाको समय तोकिएको दिनमा नघट्ने गरी समायोजन गर्न सक्ने व्यवस्था रहेको पाइयो ।

दोस्रो सम्पर्क कक्षा सञ्चालनका क्रममा सहजकर्ताले विद्यार्थीले अघिल्लो सम्पर्क कक्षामा विषयगत रूपमा दिएका गृहकार्य तथा परियोजना कार्यहरू सङ्कलन गरेको पाइयो । त्यसै गरी विद्यार्थीले उठाएका जिज्ञासा समाधान गर्न सहयोग गर्ने गरेको पाइयो । थप विषय वस्तुका बारेमा छलफल गर्ने गरेको पाइयो । अर्को सम्पर्क कक्षामा आउँदा कुन कुन एकाइ अध्ययन गर्ने ? कस्ता गृहकार्य गर्ने ? आदि कुराहरूका बारेमा छलफल गरी विद्यार्थीलाई जानकारी गराउने गरेको पाइयो ।


तेस्रो सम्पर्क कक्षामा सबै विषयमा, दोस्रो सम्पर्क कक्षामा दिएका गृहकार्य तथा परियोजना कार्यको सङ्कलन तथा अध्ययन गरी विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको पाइयो । त्यसै गरी चौथो सम्पर्क कक्षामा हुने मध्यावधि परीक्षाका लागि अध्ययन गर्नुपर्ने, विषय वस्तु तथा नमुना प्रश्नका बारेमा प्रस्ट पार्ने गरेको पाइयो । सहभागीले अध्ययन गर्दा आइपरेका समस्याहरू समाधानका लागि छलफल गरेको पाइयो । चौथो सम्पर्क कक्षामा तेस्रो सम्पर्क कक्षामा दिएका गृह कार्य तथा परियोजना कार्य अवलोकन गरी आवश्यकताअनुसार पृष्ठपोषण दिने गरेको पाइयो । विद्यार्थीलाई आइपरेका विषयगत समस्या समाधान गर्ने गरेको पनि पाइयो । पाँचौं सम्पर्क कक्षासम्मका लागि गृह कार्य तथा परियोजना कार्य दिने गरेको पाइयो । मध्यावधि परीक्षासमेत सञ्चालन हुने गरेको पाइयो । पाँचौं सम्पर्क कक्षामा चौथो सम्पर्क कक्षामा दिएका गृह कार्य तथा परियोजना कार्य अवलोकन गरी पृष्ठपोषण दिने गरेको पाइयो । विद्यार्थीलाई आइपरेका समस्याहरू समाधान गर्ने गरेको पाइयो । छैठौं सम्पर्क कक्षाका लागि गृह कार्य तथा परियोजना कार्य दिने गरेको पाइयो । छैठौ सम्पर्क कक्षामा पाँचौं सम्पर्क कक्षामा दिइएका गृह कार्य तथा परियोजना कार्य अवलोकन गरी पृष्ठपोषण दिने गरेको पाइयो । सातौं सम्पर्क कक्षामा गरिने अन्तिम परीक्षाका नमुना प्रश्नका बारेमा छलफल गर्ने गरेको पाइयो । विद्यार्थीलाई आइपरेका

विषयगत समस्याहरू समाधान गर्ने गरेको पाइयो । सातौँ सम्पर्क कक्षामा सबै विषय वस्तुहरू समेटिने गरी क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो । आन्तरिक मूल्याङ्कन सम्बन्धी सबै कार्यहरू पुरा गर्ने गरेको पाइयो । अघिल्ला सम्पर्क कक्षामा दिइएका कुनै परियोजना कार्य बाँकी रहेमा छलफल गर्ने गरेको पाइयो । त्यसै गरी एसएलसी परीक्षासँग सम्बन्धित विशिष्टीकरण तालिका र नमुना प्रश्न पत्रहरूका बारेमा छलफल गर्ने गरेको पाइयो । अन्तिम परीक्षा सञ्चालन गर्ने गरेको पाइयो ।

## खुला विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको स्थिति

यस खुला विद्यालयमा विगत पाँच ओटा शैक्षिक सत्रमा अध्ययनका लागि भर्ना भएका विद्यार्थीको विवरण यस प्रकार रहेको छ । स्तम्भ चित्रको अध्ययनबाट विद्यालयमा प्रत्येक शैक्षिक सत्रमा विद्यार्थीको भर्ना क्रम वृद्धि हुँदै गइरहेको छ ।

**चित्र १ : खुला विद्यालयमा शैक्षिक सत्रअनुसार भर्ना भएका विद्यार्थीको विवरण**




स्रोत : स्थलगत सर्वेक्षण २०७०

शैक्षिक सत्र २०६५ र २०६९ मा छात्रभन्दा छात्राहरूको भर्ना सङ्ख्या बढी भएको पाइयो । त्यस्तै गरी शैक्षिक सत्र २०६६ देखि २०६८ सम्म छात्राभन्दा छात्रको भर्ना सङ्ख्या बढी भएको पाइयो । गरिबीका कारणले पढ्न नपाएका र नोकरी लागेका केटा केटीहरू र महिला भएको कारणले पढ्न नपाएका केटीहरूको सङ्ख्या करिब बराबर रहेको पाइयो ।

**तालिका ३ : विद्यार्थीहरूको शैक्षिक सत्रअनुसारको उपलब्धि विवरण**

| शै.स. | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०६५ | १० | ११ | २१ | ० | १ | १ | ० | ९ | ४.७६ |
| २०६६ | १२ | ९ | २१ | ८ | ७ | १५ | ६६.६६ | ७७.७७ | ७१.४३ |
| २०६७ | ५ | ४ | ९ | २ | २ | ४ | ४० | ५० | ४४.४४ |
| २०६८ | ६६ | ६१ | १२७ | २८ | २४ | ५२ | ४२.४२ | ३९.३४ | ४०.६३ |
| २०६९ | ११ | १२ | २३ | १ | ३ | ४ | ९.१ | २५ | १७.३९ |

स्रोत : परीक्षा नियन्त्रण कार्यालयको अभिलेखबाट साभार गरिएको, २०७० ।

शैक्षिक २०६५ मा छात्र ० प्रतिशत उत्तीर्ण छन् भने छात्रा ९ प्रतिशत उत्तीर्ण छन् । त्यस्तै शैक्षिक सत्र २०६६ मा छात्र ६६.६ प्रतिशत उत्तीर्ण छन् भने छात्रा ७७.७७ प्रतिशत उत्तीर्ण छन् ।  यस तथ्याङ्कबाट माध्यमिक तहको शिक्षामा २०६५, २०६६, २०६७ र २०६९ मा छात्रभन्दा छात्राहरूको उपलब्धि बढी रहेको देखियो । तर २०६८ मा भने छात्राहरूको भन्दा छात्रहरूको एसएलसी उत्तीर्ण दर बढी देखियो । यसको मुख्य कारण खोजी गर्दा विद्यार्थीको व्यक्तिगत भिन्नता र छात्रभन्दा छात्रा सिकाइमा बढी संवेदनशील तथा समर्पित रहेको तथ्य फेला पर्‍यो । माध्यमिक तहको शिक्षाबाट विभिन्न कारणले महिला गृहिणीहरू पछाडि परेको देखिन्छ । तर मौका पायो भने छात्राहरूले छात्रहरूले भन्दा बढी राम्रो गर्न सक्दा रहेछन् भन्ने तथ्य उजागर भएको  छ । यो तथ्य फ्रेरेको pedagogy of the oppressed सँग मेल खान्छ ।

## खुला शिक्षा कार्यक्रमको प्रभावकारिता

माध्यमिक तहको खुला शिक्षा कार्यक्रमको व्यवस्थापनका सम्बन्धमा सूचना प्राप्त गर्न खुला शिक्षा कार्यक्रम लागु भएको विद्यालयका कार्यक्रम संयोजक, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, सहजकर्ता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी र अविभावकसँग प्रश्नावली सूची तयार पारी सूचनाहरू सङ्कलन गरी प्राप्त सूचनाहरूलाई ८ ओटा सूचकमा आबद्ध गरी तपसिलबमोजिम प्रतिक्रियाहरूका आधारमा यसको प्रभावकारिताको विश्लेषण गरिएको छ ।

आर्थिक, सामाजिक, भौगोलिक आदि कारणबाट औपचारिक शिक्षा लिन नसकेर बसेका समुदायका व्यक्तिलाई यो शिक्षा प्राप्त गर्ने अवसर प्रदान हुनु उचित प्रतिक्रिया अभिभावकबाट पाइयो । आर्थिक स्थिति कमजोर भएको कारणले गर्दा बिचैमा औपचारिक शिक्षा हासिल गर्न नसकेकाले अहिले आर्थिक स्थिति केही सबल भएकाले खुला शिक्षा कार्यक्रमबाट पढ्ने अवसर प्राप्त भएकोमा विद्यार्थीहरू ज्यादै उत्साहित भएको पाइयो । साथै पटक पटक एउटै कक्षामा अनुत्तीर्ण हुने, विशेष गरी महिलाहरू आफ्नो पारिवारिक कारणले गर्दा औपचारिक शिक्षाबाट बञ्चित हुने भएकाले पढ्ने अवसर प्राप्त भएको प्रतिक्रिया विद्यार्थीबाट प्राप्त भयो । जसलाई मास्लोको आवश्यकता शृङ्खलासँग जोडेर अध्ययन गर्न सकिन्छ ।

## विद्यार्थीको सिकाइ उपलब्धि

विगत वर्षको औपचारिकतर्फ र खुला शिक्षातर्फको उपलब्धि हेर्दा तुलनात्मक रूपमा यसको उपलब्धि नियमितभन्दा कम भए पनि लागतका आधारमा सकारात्मक रहेको पाइयो । यस कार्यक्रमले विद्यार्थीको आन्तरिक दक्षता र बाह्य दक्षतामा निकै राम्रो प्रभाव पारेको प्रतिक्रिया जिल्ला शिक्षा अधिकारीबाट पाइयो । विभिन्न श्रम बजारका क्षेत्रमा कार्य गर्दै आइरहेका विद्यार्थीहरूले कार्यक्षमता, सिप र सक्षमता प्राप्त गरी पदोन्नति हुन र रोजगारीमा अवसर प्राप्त गरेकाले यस कार्यक्रमको शैक्षिक उपलब्धिमा निकै सकारात्मक प्रभाव परेको प्रतिक्रिया अभिभावकबाट पाइयो । विद्यार्थी भर्ना चाप बढ्नु र क्रमिक रूपमा विद्यार्थी उत्तीर्ण दर वृद्धि हुँदै जानुबाट पनि यसको प्रभाव उपयुक्त रहेको प्रतिक्रिया सहजकर्ताबाट पाइयो । यस खुला शिक्षा कार्यक्रमबाट विद्यार्थीको व्यक्तित्व विकास हुनुका साथै उच्च तहमा अध्ययनका निम्ति क्षमता विकास र मार्ग प्रशस्त गरेको प्रतिक्रिया अभिभावकबाट पाइयो ।

## स्रोत सामग्री र यिनीहरूको प्रभावकारिता

खुला विद्यालयमा अध्ययनरत विद्यार्थीको शिक्षकसँगको प्रत्यक्ष कक्षाहरूमा सहभागिता ज्यादै न्यून रहेता पनि यस कार्यक्रममा सम्पर्क कक्षा बाहेक स्वाध्ययन सामग्री, रेडियो, टेलिफोन हट लाइन, इमेल, इन्टरनेट, पत्राचार आदिको उचित व्यवस्थापन गरेर शिक्षण प्रभावकारी बनाउन सकिन्छ । मुद्रित स्वाध्ययन विषयगत पाठ्य पुस्तकहरू, अभ्यास पुस्तिका र सहयोगी पुस्तिका निर्माण भए तापनि समयमा उपलब्ध हुन नसकेको

प्रतिक्रिया संयोजक, सहजकर्ता, अभिभावक, विद्यार्थी र स्रोत व्यक्तिले दिएको पाइयो । सम्पर्क कक्षामा छलफल, प्रश्नोत्तर, व्याख्यान, परियोजना कार्य, अवलोकन विधि, खोज तथा प्रदर्शन विधि जस्ता प्रमुख विधिहरू प्रयोगमा ल्याइएको पाइयो । श्रव्य सामग्री, राष्ट्रिय प्रसारण रेडियोमार्फत प्रसारण गरिएको पाइयो तर स्थानीय एफएम रेडियो, श्रव्य क्यासेट, मल्टिमिडिया, इन्टरनेट, फोनइन, श्रव्य र श्रव्य कन्फ्रेसिङ आदि उपलब्ध हुन नसकेको प्रतिक्रिया जिशिअ, विनि, संयोजक, सहजकर्ता, अभिभावक, विद्यार्थी र स्रोत व्यक्तिले दिएको पाइयो ।

## सुपरिवेक्षण

खुला शिक्षा कार्यक्रमको व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि समय समयमा अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । खुला शिक्षा कार्यक्रमलाई शिक्षा विभाग, क्षेशिनि, जिशिका तथा शैक्षिक जनशक्ति विकास केन्द्रले मूर्त रूपमा अनुगमन गरी कक्षा अवलोकन तथा विषयगत रूपमा सुझाव प्रदान गर्ने गरेको पाइएन । खुला विद्यालय कार्यक्रमलाई प्राथमिकतामा नपारेको प्रतिक्रिया प्रअ, संयोजक, सहजकर्ता, विव्यस अध्यक्ष, अभिभावक तथा  विद्यार्थीले दिएको पाइयो ।

## लागत आपूरण अवस्था

यस खुला शिक्षा कार्यक्रममा प्रत्यक्ष वा परोक्ष रूपबाट विद्यार्थी, शिक्षक, अभिभावक, समाज, समुदाय तथा राष्ट्रले खर्चेको श्रम, समय र आर्थिक लगानीका दृष्टिबाट पनि शैक्षिक गुण स्तर हेर्दा उपयुक्त  रहेको प्रतिक्रिया जिल्ला शिक्षा अधिकारी र स्रोत व्यक्तिबाट पाइयो । यस खुला शिक्षा कार्यक्रमले शैक्षिक उपलब्धिमा पारेको प्रभावलाई हेर्दा शैक्षिक क्षेत्रमा आन्तरिक र बाह्य दक्षता एवम् लागत प्रभावकारिताका आधारमा हेर्नुपर्ने भएकाले विद्यार्थीको भर्ना चाप, उत्तीर्ण र अनुत्तीर्ण दर, कार्यदक्षता, सक्षमता र उच्च शिक्षाका लागि आधार निर्माण गरेको छ । यस अन्तर्गत विद्यार्थीको भर्ना चाप बढ्दै जानु, उत्पादित जनशक्ति उच्च शिक्षाका लागि निर्माण हुनु, विभिन्न संस्थाहरूमा रोजगारीको अवसर प्राप्त गर्नु, विभिन्न व्यवसायहरूमा दक्षताका साथ कार्य गर्ने अवसर प्रदान गर्नु, पदोन्नति हुनु, सरकारी जागिरसमेत खान सक्षम भएको पाइयो । माथि यिनै सूचनाका आधारमा हेर्दा खुला शिक्षातर्फको उत्पादित जनशक्ति पनि सक्षम रहेको र क्रमिक रूपमा उपलब्धि वृद्धि हुँदै गइरहेको अवस्था पाइयो जसबाट खुला शिक्षा कार्यक्रमको प्रभाव सकारात्मक रहेको प्रतिक्रिया सहजकर्ताबाट पाइयो । जसलाई नेपाल सरकारले २०६३ मा प्रकाशित गरेको शिक्षा तथा दूर सिकाइ नीतिसँग सम्बन्धित गर्न सकिन्छ ।

## अनुसन्धानका प्राप्तिहरू

विद्यालय तहको खुला शिक्षा कार्यक्रमको व्यवस्थापनसँग सम्बन्धित प्राप्त तथ्याङ्क र सूचनाका आधारमा निम्न लिखित तथ्यहरू प्राप्त भएको पाइयो :

१. यस खुला शिक्षाको पाठ्यक्रम पूर्णतया औपचारिक विद्यालय शिक्षाको कक्षा १० को पाठ्यक्रमसँग मेल खाने किसिमको पाइयो । जुन एसएलसीको प्रश्न पत्रबाट नै नियमित र खुलातर्फका विद्यार्थीको परीक्षा हुने गरेको पाइयो ।
२. नियमित विद्यार्थीभन्दा खुला शिक्षामा अध्ययन गर्ने विद्यार्थीको औसत उपलब्धि कम रहेको पाइयो ।
३. समयमै पाठ्य सामग्री र स्वाध्याय सामग्री उपलब्ध हुन नसकेको कारणले पनि विद्यार्थीले समस्या भोग्नुपरेको पाइयो ।
४. विद्यार्थी औपचारिक शिक्षाका कक्षाहरू छोडी खुला शिक्षातर्फ आकर्षित हुन सक्ने जस्तो विकृति भविष्यमा आउन सक्ने समस्या रहेको पाइयो ।
५. औपचारिक शिक्षामा अध्यापन गर्ने शिक्षकलाई नै थप सुविधा दिई खुला विद्यालयतर्फ शिक्षण गराइएकाले शिक्षकमा अक्तिरित कार्यभारले गर्दा न्यूनतम् सुविधा र अधिकतम भारका कारण शिक्षण गर्न निकै बोझिलो भएको पाइयो ।

६. खुला शिक्षामा सरकारका तर्फबाट उपलब्ध गराइने कोटा न्यून रहेको तर खुला शिक्षातर्फ भर्ना हुने विद्यार्थीको चाप अत्यधिक भएकोले धेरै जसो बालबालिकाले शिक्षाबाट बञ्चित हुनु परेको तथ्य प्राप्त भयो ।

७. विभिन्न आवश्यकता र चाहना बोकेका विशेषतः अवसरबाट बञ्चित समुदाय, महिला तथा कामदारलाई शिक्षाको अधिकार सुनिश्चित गर्न र औपचारिक शिक्षाको पहुँच अभिवृद्धि गरी उनीहरूको व्यक्तित्व विकासका लागि माध्यमिक तहमा लागु गरिएको खुला शिक्षा कार्यक्रमको व्यवस्था हुनु राम्रो रहेको पाइयो ।

८. नियमित कक्षामा पुरा समय दिन असमर्थ हुनेहरूका लागि स्वाध्यायबाट न्यूनतम् आवश्यकता पुरा गरेर शिक्षाको अवसर प्राप्त भएको पाइयो ।

९. द्वन्द्वबाट प्रभावित भएका कारणले विद्यालय जान नसकेका बञ्चित समूहलाई शिक्षा आर्जन गर्ने अवसर प्रदान गरेको पाइयो ।

१० भौगोलिक दृष्टिले विकट क्षेत्र, सामाजिक, आर्थिक आदि कारणले पिछडिएका जन समुदायको विद्यालय स्तरको माध्यमिक तहमा अध्ययन गर्ने अवसर प्राप्त भएको पाइयो ।

११ यस खुला शिक्षा कार्यक्रमले माध्यमिक तहमा अध्ययन गर्न असमर्थ समूहलाई रोजगारीमा प्रवेशका लागि व्यावसायिक तालिम प्रदान गर्ने गरेको पाइयो ।

१२. माध्यमिक तहको खुला शिक्षा कार्यक्रमबाट धेरै जसो विद्यार्थीको रोजगारीमा पदोन्नति र व्यावसायिक सिपमा अभिवृद्धिका साथै उच्च शिक्षा अध्ययन गर्न अवसर प्राप्त भएको पाइयो ।

१३. खुला विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीलाई सम्पर्क कक्षाका लागि एउटै कक्षा कोठामा राखिँदा कक्षा ठुलो हुने सोधिएका सबै समस्या समाधान गर्न नसकिने इन्टरनेट, इमेल, क्यासेट, सिडी र सोको प्राविधिक ज्ञान, सिप र व्यावहारिक प्रयोग सम्बन्धी आवश्यक व्यवस्था नहुँदा खुला शिक्षाको गुण स्तर अभिवृद्धि हुन नसकेको तथ्य प्राप्त भयो ।

## निष्कर्ष

विद्यालय तहमा खुला शिक्षा कार्यक्रमको व्यवस्थापन शीर्षकमा गरिएको अध्ययन अनुसन्धानमा राखिएका उद्देश्यहरूका आधारमा शोध कार्य गरिएको थियो । एउटै समाज र एउटै भूगोलमा फरक फरक तह र तप्काका व्यक्तिहरूको बसोबास रहेको हुन्छ । समाजमा पिछडिएका वर्ग आर्थिक रूपले विपन्न वर्ग कामदार, गृहिणी, महिला, द्वन्द्वपीडित, बिचैमा विद्यालय छाड्ने आदिका कारणले माध्यमिक तहको विद्यालय शिक्षा ग्रहण गर्ने अवसर प्राप्त हुनमा यस खुला शिक्षा कार्यक्रमको व्यवस्थापनको महत्त्व रहेको देखिन्छ ।

शिक्षाको आधुनिक प्रकृतिका रूपमा लागु गरिएको माध्यमिक तहको खुला शिक्षा कार्यक्रममा अवलम्बन गरिएका विद्यार्थी भर्ना प्रक्रिया, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया, व्यवस्थापन पक्षहरू, विद्यार्थी उपलब्धि स्तर र प्रयोग गरिएका स्वाध्ययन सामग्रीहरू कार्यक्रमको ढाँचाअनुसार उपयुक्त रहेको पाइयो । श्रव्य, श्रव्य दृश्य सामग्री, इन्टरनेट, इमेल, क्यासेट, सिडी आदिको तथा सो सम्बन्धी प्राविधिक ज्ञान, सिप र व्यावहारिक प्रयोग व्यवस्थापनको पक्ष कमजोर भएको तथ्य प्राप्त भएको पाइयो । यसका साथै खुला विद्यालय शिक्षा कार्यक्रम सञ्चालनका लागि निमावि तह र मावि तहलाई एकीकृत रूपमा सञ्चालन गर्न एउटा छुट्टै निकाय दुर शिक्षा तथा खुला सिकाइ केन्द्र वा विभागको आवश्यकतासमेत रहेको देखियो ।

पढ्न पाउनु सबैको अधिकार सुनिश्चित हुँदा हुँदै पनि खुला शिक्षा कार्यक्रममा भर्नाको अवसर चाहे जति नहुनु, विविध कारणबाट सर्म्पक कक्षामा उपस्थित हुन नसक्नु, मल्टिमिडियाबाट प्रसारण गरिने कार्यक्रमहरू सबै क्षेत्रमा नभई सीमित क्षेत्रमा प्रसारण गरिनु समयमै स्वाध्याय सामग्री उपलब्ध गराउन नसक्नु, अनुत्तीर्ण दर नियमित शिक्षामा अध्ययन गर्ने विद्यार्थीभन्दा कम हुनु, समय समयमा सम्बन्धित निकायबाट अनुगमन तथा सुपरिवेक्षण नहुनु, न्यून आर्थिक लगानी हुनु, एउटा छुट्टै संस्थाका रूपमा सञ्चालित हुन नसक्नु जस्ता कारणले यस कार्यक्रमको व्यवस्थापनमा नकारात्मक असर पारेको निष्कर्ष पाइयो ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी खुबीराम (२०६४), **नेपालमा दुर शिक्षा तथा खुला सिकाइ पद्धतिको विद्यमान अवस्था : एक अध्ययन**. काठमाडौं : त्रिवि जनप्रशासन केन्द्रीय विभाग, व्यवस्थापन सङ्काय, जनप्रशासन क्याम्पस ।

केसी, रामबहादुर, (२०६६), **माध्यमिक विद्यालयमा छात्रा सहभागिताको अवस्था, एमएड शोध पत्र, सुर्खेत** : सुर्खेत शिक्षा क्याम्पस ।

**शैजविके (२०६३), खुला शिक्षा तथा दूर सिकाइ नीति २०६३**. भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र ।

**शैजविके** (२०६६), **खुला शिक्षा सञ्चालित सम्बन्धित कार्यान्यिन पुस्तिका २०६६**. भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र ।

**पाविके** (२०६३), **राष्ट्रिय पाठ्यक्रम प्रारूप** (२०६३). भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

**शैजविके** (२०६६), **दूर शिक्षा विशेष** (२०६६), भक्पुर : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।